RED PANDA NETWORK

*Conservation in Action*

# अन्तराष्ट्रिय पर्वतीय दिवस – २०२०

## प्रेस विज्ञप्ति: तत्काल रिलीजको लागि

शुक्रवार २४ मंसिर २०७७
१९८ दशरथ चन्द मार्ग
बालुवाटार, काठ्माान्डु, नेपाल

## रेड पाण्डाको वासस्थानमा पाटे बाघको पहिलो फोटो कैद

नेपालमा पहिलो पटक हाल सम्मकै अत्यधिक उचाईमा जङ्गली पाटे बाघको तस्विर स्वचालित क्यामराको सहायताले कैद गरिएको छ ।

संसारकै सबै भन्दा ठुलो मांसाहारी भनेर चिनिने पाटे बाघको फोटो पूर्वी नेपालको ईलाम जिल्लाको ३ हजार १ सय ६५ मिटर उचाईमा रहेको चौडापाते जंगलमा क्यामेरा ट्र्यापमार्फत खिचिएको हो । हालसम्म नेपालमा यो उचाईमा बाघको उपस्थिति पत्ता लागेको थिएन । यो नेपालको पूर्वी पहाडी क्षेत्रमा बाघको पहिलो फोटोग्राफिक प्रमाण हो । भर्खरै प्राप्त उक्त तस्बिरले कंचनजंघा भू-परिधीमा बिरालो प्रजातिको संख्या ८ पुगेको छ । चितुवा, ध्वाँसे चितुवा, हिउँ चितुवा, सुनौलो बिरालो, चरी बाघ, वन बिरालो, र छिरबिरे बिरालो नेपालको कंचनजंघा भू-परिधिमा हालसम्म रेकर्ड गरिएको विरालो प्रजातिहरु हुन् ।

उक्त तस्बिर कंचनजंघा भू-परिधीमा जिपिएस कलर गरिएको १० रेड पाण्डालाई अनुगमन गर्न राखिएको २० क्यामेरा ट्र्यापहरु मध्ये एकले कैद गरेको हो । यो अध्ययन नेदरल्याण्ड स्थित रोटरड्याम चिडियाखानाको आर्थिक सहयोगमा संचालनरत छ । उक्त जिपियस अध्ययनमा रेड पाण्डाको गतिविधिहरु र प्राकृतिक वातावरणमा हाब्रेको सहज आवागमनमा असर गर्ने पक्षहरुको अध्ययन गर्नको लागि क्यामेरा ट्र्यापहरु परिचालित गरिएको छ ।

सन् २०१८ र २०१९ मा रेड पाण्डा नेटवर्कले पाँचथर–इलाम–ताप्लेजुङ (PIT) जैविक मार्गमा पाईने स्तनधारी प्राणीहरुको क्यामेरा ट्र्यापद्वारा विष्तृत अध्ययन सम्पन्न गरि सकेको छ । उक्त अध्ययनमा विश्वको दुर्लभ एवं कम अध्ययन हुने सानो प्रजातिको बिरालो मध्ये एक छिरबिरे बिरालो (Marbled cat) को फोटो नेपालको लागि पहिलो पटक कैद गरिएको थियो । रेड पाण्डा, हिमाली कालो भालु, थार, घोरल, पहरे बाँदर आदि त्यस अवधीमा रेकर्ड गरिएको मुख्य स्तनधारी प्रजातिहरु हुन् ।

अहिले सम्मको प्रमाण अनुसार पाटे बाघ भारतमा ३,६३० मिटर र भुटानमा ४,४०० मिटर भन्दा माथीको उचाईमा पाईएको जनाइएको छ भने नेपालमा केहि समय अघि मात्र सुदूर पश्चिम क्षेत्रको डडेल्धुरा जिल्लामा २,५०० मिटरमा बाघको उपस्थिति पाईएको थियो ।

वन तथा भूसंरक्षण विभागका महानिर्देशक मन बहादुर खड्काले उल्लेख गर्नु भए अनुसार "बाघ स्थलीय पारिस्थितिक प्रणालीको सबै भन्दा माथिल्लो तहमा अवस्थित प्राणी हो । प्राकृतिक वासस्थानमा यसको उपस्थितिले त्यहाँ भएको सम्पूर्ण प्राणीहरुको अवस्था राम्रो भएको संकेत गर्दछ । बाघको यस उपस्थितिले उच्च पहाडी क्षेत्रको वनहरु ठूलो जङ्गली बिरालोहरुको वासस्थान हुन सक्ने महत्वलाई दर्शाउँछ ।" रेड पाण्डाको जीपीएस कलरिंग अध्ययन विभागको नेतृत्व र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको प्राविधिक सहयोगमा नेपालको रेड पाण्डा संरक्षण कार्य योजनालाई पुरा गर्न कार्यान्वयन गरिएको हो ।

रेड पाण्डा नेटवर्कका राष्ट्रिय निर्देशक आङ फुरी शेर्पाका अनुसार “इलाम जिल्लामा बाघको पहिलो रेकर्डले पूर्वी नेपालमा रहेको पिआइटी (PIT) जैविक मार्गको महत्व र त्यसको संरक्षणको प्राथमिकताको आवश्यकतालाई इंगित गरेको छ ।” यो जैविक मार्ग नेपालको कंचनजंघा संरक्षण क्षेत्र र भारतको सिंघलीला राष्ट्रिय निकुञ्जसंग जोडिएको छ । सिंघलीला कुनै न कुनै रूपमा महानन्द वन्यजन्तु आरक्षसँग जोडिन पुगेको छ जहाँ बाघको वासस्थान रहेको छ ।

पाटे बाघलाई आईयूसीएनको रातो सूचीमा “संकटापन्न” को रूपमा वर्गीकृत गरिएको छ भने नेपाल सरकारद्वारा संरक्षित स्तनधारी जनावरको रुपमा सुचीकृत गरी संरक्षणको उच्च प्राथमिकतामा राखीएको छ । नेपालमा बाघको उपस्थिति १८ जिल्लाहरु र ९ जैविक मार्गहरुमा पाईएको छ जुन सबै तराई भू-परिधी (Terai Arc Landscape) को पाँचवटा संरक्षित क्षेत्रहरू भित्र पर्दछ । नेपालको बाघ संरक्षणको इतिहास संरक्षण क्षेत्र प्रणालीको स्थापना देखि महत्वाकांक्षी TX2 लक्ष्यसम्म आईपुग्दा लामो फड्को मारेको छ । नेपाल सन् २०२२ सम्म बाघको संख्या दोब्बर पार्ने पहिलो देश बन्ने प्रयासमा छ ।

नेपालमा सन् २००९ र २०१८ मा गरिएको गणनाले बाघको संख्या क्रमश: १२१ र २३५ देखाएको थियो । उक्त तथ्यांकले नेपालको प्रगति र बाघ संरक्षणमा देखाएको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ ।

‘जङ्गली बाघहरूको सहज विचरणको लागि वासस्थानहरु एक-आपसमा जोडिएको हुनु जरुरी छ । बाघहरूको सुरक्षित भविष्यको लागि स्थानीय समुदायहरूसँगको समन्वयमा वन संरक्षण जारी राख्नु महत्वपूर्ण छ ।"डब्ल्यूडब्ल्यूएफ (WWF) नेपालका राष्ट्रिय प्रतिनिधि डा. घनश्याम गुरुङले भन्नुभयो ।

पूर्वी नेपाल स्थित रेड पाण्डाको वासस्थानमा खिचिएको पाटे बाघको यो नवीनतम फोटोग्राफिक प्रमाणले उच्च हिमाली क्षेत्रमा बाघ संरक्षणको आवश्यकता र विभिन्न अनुसन्धानको सम्भावनाहरू प्रदान गरेको छ । बाघको विचरण र उनीहरुको संख्या वृद्धिको लागि उच्च-पहाडी पर्यावरणको अनुकूलता बुझ्नका लागि गहन अध्ययनहरुको आवश्यक छ ।

लामो समय नेपालमा बाघ संरक्षणमा काम गर्नु भएको र हाल RESOLVE का निर्देशक डा. एरिक डिनरस्टेनले भन्नुभयो “बाघ आफ्नो पुरानो वासस्थानको माथिल्लो उचाईसमा फर्कनु एकदमै अदभूत प्रमाण हो । वन्यजन्तु संरक्षणमा नेतृत्वदायी भूमिका खेलि रहेको नेपालको लागि यो अर्को ठूलो उपलब्धि हो ।”

“विगतमा प्रमाणमा आधारित अध्ययनहरुको अभावले हामीलाई त्यस्तो फरक प्रकृतिको रेकर्डहरु गर्नवाट वञ्चित गरेको हुन सक्छ । पहाडी र हिमाली क्षेत्रको अन्य सम्भावित स्थानहरुमा गरिने क्यामेरा ट्र्यापिंगले अझ बढी खुलासा गर्न सक्छ," क्वीन्सल्याण्ड विश्वविद्यालयका डम्बर बिस्टले भन्नुभयो । बिस्टले इलाम जिल्लामा रेड पाण्डाको जीपीएस-कलर अध्ययनको नेतृत्व गरि रहनु भएको छ । पाटे बाघको यो अभूतपूर्व तस्बिरले पीआईटी जैविक मार्गले विभिन्न भू-परिधिहरुविच सम्पर्क स्थापित गरि विभिन्न दुर्लभ वन्यजन्तुहरुलाई अन्तरदेशीय तहमा सहज आवागमन प्रदान गरि यसको महत्वको पुष्टि गरेको छ ।

दशकौंदेखि अन्तरदेशीय कंचनजंघा भू-परिधीमा संरक्षणको काम गर्दै आउनु भएको इसिमोड (ICIMOD) का डा. नकुल क्षेत्रीले भन्नु भयो “बाघहरू यसअघि दार्जिलिंगको सिंघलीला राष्ट्रिय निकुञ्ज, सिक्किमको नेउरा भ्याली राष्ट्रीय निकुञ्ज र भुटानको संरक्षित क्षेत्रहरुको उच्च भागहरुबाट रिपोर्ट भएको छ । यी क्षेत्रहरु हाल बाघ पाएको इलामको भू-भागसंग जोडिएको छ।”

“कंचनजंघा भू-परिधमा अवस्थित जैविक मार्गले बाघलाई उच्च क्षेत्रमा निर्वाध आवत जावत गर्न सहज वनाएको हुन सक्छ । यसैले, खंडित र स-साना एकाईहरुमा छरिएको वासस्थानहरुलाई पुनर्स्थापना गर्नको लागि

अन्तरदेशीय सहकार्यको आवश्यकता छ । इसिमोड (ICIMOD) कंचनजंघा भू-परिधीको संरक्षणको हिस्सा हुन पाएकोमा खुशी छ ।" उहाँले थप्नु भयो ।

नेपाली भाषामा बाघहरु सम्बन्धी एक विस्तृत पुस्तक लेख्नु भएको र जेडएसएल (ZSL) नेपालका राष्ट्रिय प्रबन्धक डा. हेम बराललले भन्नु भयो, "जैविक मार्गहरु र नेपालको भू-वनोटमा उचाईको घटवढ अनुसार प्राप्त हुने विभिन्न प्रकारको वासस्थानहरुको उपलब्धताले जलवायु परिवर्तनद्वारा सृजित संकटहरुलाई न्युनिकरण र सामना गर्न सघाउ पुर्याएको छ । वन्यजन्तु संरक्षणको लागि रेड पाण्डा नेटवर्कको मेहेनत र नेपालको उच्च भू-भागहरु अझ सम्म बाघको उपयुक्त वासस्थान रहेको प्रमाणित गरेकोमा म मुक्त कण्ठले सरहाना गर्दछु।"

**थप जानकारीको लागि:**
माधुरी कार्की थापा, उप-सचिव, वन तथा भूसंरक्षण विभाग, ववरमहल, काठ्माान्डु, नेपाल
फोन: : +९७७ १ ४२२१२३१, **ईमेल:** madhureethapa@gmail.com

सोनाम टासी लामा, रेड पाण्डा नेटवर्क, १९८, दशरथ चन्द मार्ग, वालुवाटार, काठ्माान्डु, नेपाल +९७७ ९८४१८४३९६८, ईमेल: sonam.lama@redpandanetwork.org

**छापा र प्रसारण मिडियाको लागि:**
टेरेन्स फ्लेमिंग, (८७७) ८५४-२३९१ एक्सटेन्सन १०१, ईमेल: terrance@redpandanetwork.org

रेड पाण्डा नेटवर्क रेड पाण्डा (हाव्रे) र यसको वासस्थान संरक्षणमा कार्यरत संस्था हो । थप जानकारीको लागि www.redpandanetwork.org मा हेर्नुहोला ।

###